*निर्णय नं. २*

*पकहा मैनपुर गाउँ कार्यपालिकाबाट विनीयोजन ऐन २०७५ सर्वसम्मतिबाट स्वीकृत गरियो।*

**पकहा मैनपुर गाउँपालिका**

विनीयोजन ऐन, २०७५

कार्यपालिकाबाट स्वीकृत मिति :- २०७५/ ०३ /३२

**पकहा मैनपुर गाउँपालिका**

पकहा मैनपुर

*गाउँ सभाबाट अनुमोदन भएको मिति:- २०७५/ ०५ /२०*

## पकहा मैनपुर गाउँपालिकाको विनियोजन ऐन

यस पकहा मैनपुर गाउँपालिकाको विनियोजन विधेयक, २०७५ स्वीकृत गर्ने निर्णय गरियो ।

**पकहा मैनपुर गाउँपालिकाको बिनियोजन ऐन बिधयेक,२०७५**

पकहा मैनपुर गाउँपालिकाको आर्थिक वर्ष २०७५/०७६ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चितकोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

**प्रस्तावना:** पकहा मैनपुर गाउँपालिकाको आर्थिक वर्ष २०७५/०७६ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,नेपालको संविधानको धारा २२९ को उप–धारा (२)बमोजिम पकहा मैनपुर गाउँपालिकाको गाउँ सभाले यो विधेयक बनाएको छ ।

**१.संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम “पकहा मैनपुर गाउँपालिकाकाको विनियोजन विधेयक, २०७५” रहेको छ ।

**२.आर्थिक वर्ष २०७५र०७६ को निमित्त सञ्चितकोषबाट रकम खर्च गर्ने अधिकारः** (१)आर्थिक वर्ष २०७५/०७६ को निमित्त गाउँकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु छबिस करोड छ लाख चौबिस हजार नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चितकोषबाट खर्च गर्न सकिनेछ ।

**३. विनियोजनः (१)** यस विधेयक द्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७५/०७६ को निमित्त पकहा मैनपुर गाउँपालिका गाउँकार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२)उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँकार्यपालिकाले बचत हुने शीर्षकबाट नपुगहुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ। पूँजिगत खर्च र वित्तीय व्यवस्था तर्फ विनियोजित रकम साँवा भुक्तानीखर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन। तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) माजुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँसभाको स्वीकृतिलिनु पर्नेछ ।

## अनुसूचि–१

(दफा २ संग सम्बन्धित)
नेपालको संविधानको धारा २२९ (२) बमोजिम
संञ्चितकोषबाट विनियोजन हुने रकम

रु.हजारमा

| क्र.सं. | शीर्षकको नाम | चालु खर्च | पूँजिगत खर्च | वित्तिय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|
| १ | गाउँ कार्यपालिका | ५०००० | ९५८८२ | ११४७४२ | २६०६२४ |
| २ | वडा समिति | | | | |
| ३ | विषयगतशाखा | | | | |
| ४ | ऋणको सावा, व्याजभुक्तानी | | | | |
| ५ | लगानी (शेयर/ऋण) | | | | |